# बालबालिका तथाजोखिम अवस्थामा रहेकावयस्क लाभग्राहीहरुका लागि सुरक्षणनीति

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

केन्द्रीय कार्यालय धनगढी कैलाली
सम्पर्क व्यक्ति : हुकुम ब. सार्की (कार्यक्रम निर्देशक)
सम्पर्क नं. **९८४८६७१३६१** (मोवाईल)

**२०७७**

## १.प्रस्तावना (Preamble)

बाल-बालिकातथाजोखिमअवस्थामा रहेका समुदायको हीतका लागि **राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल** कार्यरत छ । समुदायकाजोखिमअवस्थामा रहेका समुदायको लागिसुरक्षितहुने गरी काम गर्नुयसको प्रमुखकर्तब्यहो । यस संस्थाबालबालिकाकातथाअन्यक्षेत्रमासमेत काम गर्ने अधिकारमुखी संस्थाहो, जसले राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ को सिद्धान्त, महिलाहरु माथीहुने सबै प्रकारका बिभेद अन्त्यकालागि घोषणा १९७९, विश्वव्यापीमानवअधिकार घोषणा पत्रआदिकोभावनालाई आत्मसातगर्दै, नेपालको संविधान २०७२ को मौलिकहकतथा त्यस अन्तर्गत बालबालिकाको हकधारा ३९ को व्यवस्थालाई अंगिकार गर्दै, यस संस्थाको लक्ष्य, मूल्य, मान्यतातथा उद्देश्य अनुकुलहुनेगरी बालबालिकातथाजोखिमपूर्ण अवस्थामा रहेका वयस्कहरुको सुरक्षणका लागि यस संस्थाले विभिन्न समयमाविकासगरी अबलम्बनगर्दै आएकानीतितथाआचार संहिताहरू लगायतलाई आधार मान्दै, यस *“ बालबालिकातथा जोखिमपूर्ण अवस्थामा रहेका वयस्कलाभग्राहीहरुको सुरक्षणनीति २०७७”* को तर्जुमा गरिजारि गरिएको छ ।

## २. क्षेत्र (Scope)

“बालबालिकातथा जोखिमपूर्ण अवस्थामा रहेका वयस्कलाभग्राहीहरुको सुरक्षण नीति”भनेको यस संस्थाकाकर्मचारी, कार्यक्रमतथा क्रियाकलापबाटबालबालिकातथाजोखिमपूर्ण अवस्थामा रहेका वयस्कलाभग्राहीहरुमाथिहुन सक्नेदुर्व्यवहार तथाशोषणका घटनाहरूहुननदिन, रोकथामगर्न तथातिनलाई सम्बोधन गर्ने कार्यमाथिकेन्द्रितगतिविधिअथवापहलहो । यस अन्तर्गत१८ वर्ष मुनिकाबालबालिकातथाजोखिमअवस्थामा रहेका लाभग्राहीहरुलाई थप हिंसा वानकारात्मक असर पर्ने वापार्ने क्रियाकलापहरु जस्तै शारीरिक यातना,मानसिक पीडा,श्रमशोषण,हेला,अपहेलना,हेलचेक्रयाई,यौनशोषण, विभेद,अपहरण, बेचविखनतथाओसारपसार,दुर्व्यवहार लगायत सबैखाले हिंसाबाट जोगाउने प्रतिबद्धता हो ।यो निर्देशिकायस संस्थाका सम्पूर्ण पदाधिकारी, सदस्य, कर्मचारी, स्वयंसेवक, करार/ज्यालामाकामगर्ने व्यक्ति, लाभग्राहीतथा समूदायसंग प्रत्यक्ष सम्पर्क गर्ने संस्थासंग सम्बन्धीतव्यक्तिहरू, सरोकारवालाहरुका साथै करारनामा गरेका कुनै पनिव्यापारी तथा संस्थाको कामकालागिकार्यक्षेत्र भित्रआएकाआगन्तुकहरूमाथि समेत लागू हुनेछ ।

## ३. शब्दार्थ :

क) **“संस्था”**भन्नाले लागि **राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल** लाई जनाउने छ ।

ख) **“नीति”**भन्नाले यस संस्थाको “बालबालिकातथा जोखिमपूर्ण अवस्थामा रहेका वयस्कलाभग्राहीहरुको सुरक्षण नीति *२०७६”* लाईजनाउने छ ।

ग) **“कार्य समिति”**भन्नाले यस संस्थाको विधानअनुसार गठित कार्यसमिति सम्झनु पर्दछ ।

घ) **“अध्यक्ष”**भन्नाले यस संस्थाको कार्यसमितिको अध्यक्षलाई जनाउने छ ।

ङ) **“पदाधिकारी”**भन्नाले कार्यसमितिको वाअन्यविषयगत समितिकाजिम्मेवार पद सम्हालेका व्यक्तिलाइजनाउने छ ।

छ) **“सदस्य”**भन्नालेसंस्थाको विधानअनुसार प्रदत्तआजिवन, साधारण लगायतअन्यविभिन्नकिसिमका सदस्यताप्राप्तव्यक्तिलाई जनाउँदछ ।

ज) **“कर्मचारी”**भन्नाले संस्थाद्वारा नियुक्तकर्मचारीलाई जनाउने छ ।

झ) **“स्वयंसेवक”**भन्नाले संस्थाको हितकानिमित्तसिमितपारितोषिकलिइवानलिइकाम गर्ने संस्थाले तोकेका व्यक्तिहरुलाई जनाउने छ ।

ञ) **“सुरक्षण”** भनेको कुनै संस्थाले आफ्ना संस्था सुरक्षित छन भनेर सुनिश्चित गरी देखाउन को लागिबनाइने आन्तरिक नीतिप्रक्रिया र अभ्यासहरुको व्यवस्थाहो । सुरक्षण नीतिले

बालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कलाभग्राहीहरु लाई उक्त संस्थाको कर्मचारी, कार्यक्रम र प्रक्रियाबाट हुन सक्ने हानीबाट संरक्षण प्रदानगर्दछ ।

ट) **"हानी"**भन्नाले शारिरीक वामानशिक रुपमाकुनै व्यक्तिलाई हानी पुरुयाउने सबै हानीकारक क्रियाकलापहरु वाव्यवहारहरु भन्ने जनाउनेछ ।

**ठ)** **"दुर्व्यवहार"** कुनै व्यक्ति, संस्थावाप्रक्रियाहरुले केहीकाम गरेको कारणले वानगरेको कारणले प्रत्यक्षवाअप्रत्यक्ष रुपमा सुरक्षा र स्वस्थबिकास वावातावरणलाई हानी गर्नेवाबिगार्नेलाई जनाउने छ।

**ड)** **"बालसंरक्षण"** बाल संरक्षण भनेको बालकालिकालाई दूर्व्यवहार, बेवास्ता, शोषण जस्ता हिंसाबाट बचाउनु र प्रतिकार गर्नुलाई जनाउने छ ।

**ढ)** **"यौन उत्पीडन":**कुनै आपत्तीजनक, अपमानजनकवा डरलाग्डो खालकाअप्रिय यौन व्यवहार जुन लेखेर, बोलेर, ब्यबहार गरेर वा अन लाइनमार्फत पनिहुने लाई जनाउने छ ।

**ण)** **"यौन दुर्व्यवहार":**यौन दुर्व्यवहार भन्नाले शक्तिको प्रयोग गरेर शारिरीक रुपमाचोट पुग्ने गरी गरिएको बलातकार, बल प्रयोग गरेर वाअपमानवाजवरजस्तीअवस्थामा गरिने यौन जन्यक्रियाकलापहरुलाई जनाउने छ ।

**त)** **"यौन शोषण":** यौन शोषणकोउद्देश्य पूरा गर्नका लागि कसैको जोखिमको फाइदा उठाउनु, कतिपयअवस्थामाविनिमयपनि गरिने कार्यलाई जनाउने छ ।

## ४. उद्देश्यहरु (Purpose)

यस संस्थाको बालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कहरुको सुरक्षणनीतिकामुख्य उद्देश्यहरू निम्नानुसार छन् :

४.१ यस संस्थाले संचालन गर्ने हरेक कार्यक्रम र गतिबिधिमायसकालाभग्राहीहरु बालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कहरुको सुरक्षणको सुनिश्चितएवं निर्देशित गर्ने ।

४.२ यस संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक,प्रशिक्षक सम्बन्धितव्यक्तिहरूको बालबालिकार जोखिमअवस्थामा रहेका वयस्कहरुको सुरक्षण प्रतिको दृष्टिकोण, व्यवहार र आचरणलाई यस नीतिले निर्देशित गर्ने ।

४.३ बालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कहरुलाई आफ्नो हकतथा सुरक्षणमा उनीहरुको भूमिकाबारे सचेत गराउने ।

४.४ यस नीतिले व्यवस्था गरेको आचार संहितालाई लागू गरि कार्यान्वयन गर्ने गराउने ।

## ५. मान्यता र सिद्धान्त Values and Principles

### ५.१यौनदुर्व्यवहार तथा यौन शोषणबाट संरक्षण (Protection from Sexual Exploitation and Abuse)

यस संस्थाले सम्पूर्ण व्यक्तिहरु यौन जन्य हिंसाबाट मुक्तभई बाच्नपाउनु अधिकार हो भन्ने मान्यता राख्दछ । यस संस्थाले आफ्ना कर्मचारी, स्वयंसेवककन्सल्टायण्टहरु, साझेदार वाअन्य प्रतिनिधिहरुबाट सेवाप्रदान गर्ने क्रममालाभग्राहीहरु बालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कहरुकुनै प्रकारको यौन उत्पीडन,यौन दुर्व्यवहार र यौन शोषणलाई सून्य सहनशीलताको बिषयको रुपमाअंगिकार गर्दछ । यस संस्थाले यौन दुर्व्यवहार तथा यौन शोषणबाटसुरक्षणकालागि निम्ननीति, सिद्धान्त र मान्यताहरू लाई अंगिकार गर्दछ :

१.बालअधिकार सम्बन्धीमहासन्धी र यसका सिद्धान्तहरु

२. मानवअधिकार सम्बन्धीबिश्वव्यापी घोषणा पत्र

३. यौनशोषण र दुर्व्यवहारबाट वचावट सम्बन्धी संयुक्त राष्ट्र संघका महासचिवको प्रतिबेदन ।

५.२ यस संस्थाद्वारा यौन दुर्व्यवहार तथा यौन शोषणबाट सुरक्षणकालागि प्रतिबद्धता (Commitment of the Organization on PSEA) :

५.२.१ यस सँस्थाले बालबालिकातथा जोखिमअवस्थामा रहेका वयस्कहरुको सुरक्षाको विषयलाई प्राथमिकतादिदै उनिहरु माथीहुन सक्ने दुर्व्यवहारलाई शुन्य सहनशीलताको विषयको रुपमाअंगिकार गर्दछ र यस्तो घटना मा यस संस्थासंग आवद्ध व्यक्तिहरुलाईअनुशासन बिरुद्ध कार्यवाहीदेखि खोसुवा समेत गर्न सकिने छ ।

५.२.२ यस संस्थाले१८ बर्ष मुनिकाबालबालिकामाथिहुने यौन जन्यक्रियाकलापलाई कुनै पनिहालतमानिषेधित मान्दछ ।

५.२.३ पैसा, रोजगार, वस्तु तथा सेवाको माध्यमबाट यौन साटासाटगर्ने क्रियाकलाप, कसैलाई प्राथमिकतादिने र शोषणगर्ने क्रियाकलापलाई निषेध गर्दछ ।

५.२.४ सँस्थाको कर्मचारी तथालाभग्राहीबीचअसमानशक्ति सम्बन्ध रहन सक्ने हुनाले यिनीहरु बीचको यौन सम्बन्धले संस्थाको विश्वसनियतालाई नकारात्मकप्रभाव समेत पार्न सक्ने हुनाले यस्ता सम्बन्धलाई निषेध गर्दछ ।

५.२.५ संस्थाकाकर्मचारीले अर्को कर्मचारी बाट यौन दुर्व्यवहार वा यौन शोषणका घटना थाहापाएमाचुपलागेर बस्नहुदैन,तुरुन्तउजुरी प्रणालीबाट सवाल उठाउन पर्दछ ।

५.२.६ संस्थाकाकर्मचारीले यौन दुर्व्यवहार वा यौन शोषणका घटना हुननदिने वातावरण तयार पार्नु पर्दछ । सबै तहकाव्यवस्थापकहरुले यस्तो वातावरण बनाउन सहयोग गर्न, प्रणालीको बिकास गर्न र निरन्तरतादिनेजिम्मेवारी रहन्छ ।

## ६. यसनीतितथाकार्यविधिको प्रयोग (Implementation and Oversight)

यससुरक्षण नीतितथाकार्यविधिसंस्थाको सबै कार्य क्षेत्रमालागू हुनेछ ।

६.१ यस संस्थाकाकार्यसमितिकाअध्यक्षलगायतका सम्पूर्ण पदाधिकारीहरु, संस्थासंग आबद्धआजीवन सदस्यहरु, सम्पूर्ण कर्मचारी, साधारण सदस्य, संस्थापक सदस्य, सल्लाहकार, परामर्शदाता, तालिमकर्ता, सहजकर्ता, सबै प्रकारका स्वयंसेवक, छोटो समयकालागि करारमा लिइएकाव्यक्ति, अनुसन्धानकर्ता, आगन्तुकतथा साझेदार संस्थाकाप्रतिनिधि,लाभग्राहीतथा समुदायसंग प्रत्यक्ष सम्पर्क गर्ने संस्थासंग सम्बन्धीतव्यक्तिहरू तथा सरोकारवालाहरुकालागि ।

६.२ यस संस्थाले आयोजना गरेकोतथाबालबालिकातथाजोखिमअवस्थामा रहेका वयस्कलाभग्राहीहरुसहभागीभएका सबै कार्यक्रमतथागतिविधिहरू ।

६.३ यस संस्थाले काम गर्ने विभिन्न स्थानतथाकार्यक्रमहरू, जस्तै : संस्थाको नामले काम गर्ने विद्यालय, सहजीकरण गर्ने बालक्लब, बालअनौपचारिक कक्षा, मनोविमर्श केन्द्र,मनोसामाजिक परामर्श केन्द्र,अस्थायीआवास, शिक्षामूलककार्यक्रम, सम्मेलन, बैठक, बालबालिकासँग गरिने मनोरञ्जनात्मककार्यक्रम, तालिम, ऱ्यालीतथा सार्वजानिककार्यक्रम, भ्रमण तथाकुनै कार्यक्रमको लागि गरिने यात्रा, भ्रमण आदि ।

६.४ यस संस्थाले बालबालिका र जोखिमअवस्थामा रहेका वयस्कलाभग्राहीहरुको जोखिमकम गर्ने उपायहरू र बालबालिकाहरूसँगवाउनिहरु का लागिकामगर्दा सधैँ आवश्यकहुने व्यवहार तथाअभ्यासका मापदण्डहरूका बारेमा मार्गदर्शन उपलब्ध गराउँछ ।

६.५(क)नियम ५.५ प्रयोजनकालागीयस संस्थाकाकर्मचारीतथा स्वयंसेवकहरूलेतलअनुसूची २ मा संलग्नआचार संहिता राम्रोसंग पढी सहमतिको निम्तिदस्तखत गर्नुपर्नेछ ।

६.६(ख) नियम६.१ मा उल्लेखभएका र संस्थासंग सम्बन्धीतअन्यव्यक्तिहरू आचार संहिताको पालनगर्न असफलभएको खण्डमा त्यसको परिणामस्वरूपउनीहरूमाथिकसूरको मात्रा हेरी

अनुशासनात्मक कारबाही, काम-कर्तव्यमा परिवर्तन, सरुवा, घटुवा, निलम्बनतथा रोजगारीको अन्त्यसम्मको कारबाहीहुन सक्नेछ ।

६.७ सुरक्षणको विषय संस्थाका सबै प्रतिनिधिहरुको जिम्मेवारीको विषयहो । यसमाउल्लेख गरिएकाप्रक्रियाहरु कार्यान्वयन गर्न संस्थाकाप्रत्येक तहमा प्रतिबद्धता र निरिक्षणको आवश्यकता पर्दछ। यस नीतिको कार्यान्वयनकालागि सम्पर्क व्यक्तिको समेत व्यवस्था गरिने छ ।

## ६. सुरक्षितकार्यक्रम (Safe Programming):

**६.१ कार्यक्रमनिर्माण र लागू Program Design and Implementation:**यस संस्थाले कार्यक्रमनिर्माण गर्दा र लागू गर्दा लाभग्राहीबालबालिकातथा जोखिमअवस्थामा रहेका वयस्कहरु माथिपरियोजना र यसकाक्रियाकलापहरुका कारण थपहानीहुननदिनबिषेश ध्यानदिइनेछ । सुरक्षणको दृष्टिले परियोजना/कार्यक्रमको निर्माण देखिअनुगमन सम्म प्रत्येक चरणमा नियमितपूनरावलोकन गर्दै जोखिमन्यूनीकरण का लागि सधै तत्पर रहने छ ।

६.१.१कुनै पनिकार्यक्रम संचालन गर्नु अघि सम्भावित जोखिमको लेखाजोखा गरिने छ ।

६.१.२बालबालिकाको प्रत्येक्ष संलग्नहुने क्रियाकलापहरु गर्न खास गरी टाढा आवतजाजत गर्नु पर्ने अवस्थामाआवश्यकताअनुसार बालबालिकातथाअबिभावकवारेखदेख गर्ने व्यक्तिको लिखित स्वीकृतिअग्रीम रुपमालिइनेछ। (हेर्नुहोस एपेण्डिक्स ३ अबिभावक स्वीकृतिफाराम)

### ६.२. बाल सुरक्षण (Child Safeguarding)

६.२.१बालसुरक्षण प्रवर्द्धनकानिम्ति परिवार, समुदाय र अन्य सरोकारवालाहरुको संलग्नता र जिम्मेवारीलाई अभिवृद्धि गर्ने तथाएकिकृत सामाजिकदायित्वलाई जोड दिंदै बालबालिकाप्रतिको संस्थागतदायित्वलाई बृद्धि गर्दै लगिने छ ।

## ७. बचावट (Prevention)

७. १ सँस्थाकाजिम्मेवारीहरु:(Responsibilities of the organization)

७.१.१ यस संस्थाले यस नीतिमाथी सबै कर्मचारीहरुको पहूँच छ, यस नीतिसंग परिचित छ र आफ्नो उत्तरदायित्वकाबारेमा जानकारी छ भन्ने कुरा सुनिश्चितगर्नु पर्नेछ गर्दछ ।

७.१.२ यस संस्थाले परियोजना र क्रियाकलापहरु निर्माण गर्दा यस संस्थाको सम्पर्कमा आउनाका कारण कुनै पनिलाभग्राहीलाई थपजोखिमवाहानीनहुने गरीनिर्माण गरिने छ। यस अनतरगतकार्यक्रमभित्र कसरी व्यक्तिहरुको सूचना संकलनतथाप्रवाहगर्ने भन्ने प्रक्रियासमेत पर्दछ ।

७.१.३ यस संस्थाले आफूलाई आवश्यककर्मचारी भर्ना गर्दा, व्यवस्थापनगर्दा तैनाथगर्दा सुरक्षणका प्रक्रियाहरु अपनाउने छ ।

७.१.४ यस संस्थाले आफ्ना कर्मचारीहरुले आफ्नो भूमिकासंग मेल खाने गरी सुरक्षण समबन्धीतालिमलिएको सुनिश्चित गर्ने छ ।

७.१.५ यस संस्थाले सुरक्षण सम्बन्धी उठेका सवालहरुकाबारेमा के कस्तो रिपार्ट आयो भनेर प्रक्रिया बद्ध रुपमा छिटो छरिटो तरिकाले तरताकेता गर्ने छ ।

७.१.६ यस संस्थाले यस नीतिलाई समुदाय सम्म पुर्‍याइने छ। समुदायबाट प्राप्त सुझावलाई आत्मसात गरिनेछ। समुदायमाप्रत्यक्षकाम गर्ने कर्मचारीहरुलाई उजुरी कसरी लिने भन्ने बिषयमातालिम को व्यवस्था गरिने छ।

७.२संस्थाको चेतनाअभिबृद्धि समबन्धीदायित्व:(Awareness raising responsibility of the organization)

७.२.१ यस संस्थाले यौन शोषण र दुर्व्यवहारबाट बच्ने उपाय र सुरक्षण सम्बन्धीतालिमहरु संचालन गरी सुरक्षण सम्बन्धी चेतना बृद्धिको काम गर्ने छ ।कर्मचारीलाई प्रदान गरिने यस्तातालिमको उद्देश्य निम्नानुसारका हुने छन्:

- यस संस्थाले संचालन गर्नेकार्यक्रमहरुमा सहभागीहरुले भोग्ने गरेका समस्याहरुकाबारेमा जानकारी पाउने ।
- यस संस्थाले सेवा पुर्‍याउने समुदायमा रहेको खास गरी बालबालिकाको जोखिमअवस्थालाई आंकलन गर्न र उनिहरु किन बढी जोखिममा छन् भन्ने थाहापाउने ।
- यस संस्थाले काम गर्ने समुदायमाशक्ति सन्तुलनको अवस्थाको बारेमाजानकारी लिन र यसको सदुपयोग कसरी गर्ने भन्ने थाहापाउने ।
- जोखिमआवस्थामा रहेका व्यक्तितथा समुदायमाकामगर्दा हाम्रो जिम्मेवारी र दायित्वबुझ्ने ।
- भैरहेको दुर्व्यवहार र जोखिमलाई कसरी निर्मुल पार्ने भन्ने सवालमा राम्राअभ्यास, नीतिहरु र प्रक्रियाजान्ने र सिक्ने ।
- यौनशोषण र दुर्व्यवहार भएको अवस्थामा कसरी सम्बोधन गर्ने भन्ने बिषयमाजानकारी लिने ।
- अन्यदेशका सुरक्षण सम्बन्धीकानून र असलअभ्यासहरु थाहापाउने ।
- वयस्कतथाबालबालिकाहरुको सुरक्षण सम्बन्धी सवालहरुको उजूरी गर्ने क्रममाआउने बाधाहरुकाबारेमा थाहापाउने ।

७.२.२ सुरक्षण नीतिबारे चेतनाअभिबृद्धि गर्ने सवालमा संस्थाको भूमिकाः

७.२.२.१ संस्थाको सुरक्षण नीतिको सम्बन्धमाकार्यक्रमका सहभागीहरुलाई जानकारी गराउने र उनिहरु मार्फत यसको प्रवर्द्धन गर्नेकाम संस्थाले गर्नु पर्दछ ।यसकालागि समुदायबाट संस्थाको भूमिका, कर्मचारीको व्यवहार का साथसाथउनिहरुको गुनासोहरु लिने र त्यसलाईपूनरावलोकन गर्ने साथैउपयुक्तताअनुसार राम्रो अभ्यासको रुपमाप्रयोग गर्ने ।समुदायलाई उनिहरुको गुनासोबाट भएको परिवर्तन बारे जानकारी गराउने ।

७.२.२.२ समुदायसंग सिधाकाम गर्ने कर्मचारीहरुलाई उजुरी र खुलासा कसरी लिने भन्ने सम्बन्धमातालिमउपलब्ध गराउने छ ।

७.३ कर्मचारीको जिम्मेवारीः

७.३.१ बाल सुरक्षणः संस्थाकाकर्मचारी तथा सम्बन्धीतव्यक्तिले निम्नक्रियाकलाप गर्न पाइने छैन ।

- १८बर्ष मुनिकाव्यक्तिसंग यौन जन्यक्रियाकलाप ।
- यौनदुर्व्यवहार र शोषण ।
- बालबालिकालाई शारिरीक, भावनातमक, मानशिकदुर्व्यवहार वा वेवास्ता
- बालबालिकालाई व्यापारिक रुपमाशोषण गर्ने र बालश्रममाप्रयोग गर्ने तथा बेचबिखनजस्ताकाममाप्रयोग ।

७.३.२क) वयस्क सेवाग्राहीहरुको सुरक्षणः संस्थाकाकर्मचारी तथा सम्बन्धीतव्यक्तिहरुले निम्न कुरा कडापी गर्न हुदैन ।

- जोखिमअवस्थामा रहेका वयस्कहरुको यौन दुर्व्यवहार र शोषण
- जोखिमअवस्थामा रहेका वयस्कहरुको शारिरीक, भावनात्मकवामानशिकदुर्व्यवहार वा वेवास्ता ।

७.३.२ ख) यस संस्थाकाकर्मचारी तथा यससंग सम्बन्धीतव्यक्तिहरु निम्नकार्यहरु गर्न तत्पर रहने छन् ।

- सुरक्षणको वातावरण लाई मजबुतबनाउन सुरक्षणनीतिलाई लागू गर्न प्रयत्न गर्ने र लागू गर्ने ।
- यस संस्थाकाकर्मचारी वा संस्थाका सम्बन्धीतव्यक्तिहरु माथिकुनै पनि सुरक्षणको सवाल उठेमा वासुरक्षणको सवालउल्लंघन गरेको शंकाभएमा सम्बन्धीतकर्मचारीलाई उजूरी गर्ने ।

८.१ कर्मचारी भर्नाः(Staff recruitment)

यस संस्थाले कर्मचारी भरनागर्दा संस्थाको कर्मचारी नियमावलीलाईपालनागर्दै बालबालिकातथा जोखिमअवस्थामा रहेका वयस्कहरु संग प्रत्येक्ष रुपमाकाम गर्ने कर्मचारीतथास्वयंसेवकहरु भरना गर्दा निम्न कुरामासमेत ध्यानदिने छ ।

- संस्थालाईआवश्यककर्मचारी भरना गर्ने क्रममासुरक्षण नीतिलाई ध्यानदिइने छ ।
- अन्तरर्वातामा सुरक्षण समबन्धीप्रश्नपनि सोधिने छ ।
- निबेदनमादुइजना रेफरीहरुको सम्पर्क ठेगानाउल्लेख हुनु पर्ने छ ।
- उल्लेखितदुइजना रेफरीहरुको लिखितधारणा लिनेछ ।संभाबित उमेदवारको पृष्ठभूमि हेरिने छ ।
- बालबालिकासंग काम गर्न अयोग्यनभएको ।
- स्थानीयकानूनले जोखिमअवस्थामा रहेका वयस्कतथाबालबालिकाहरुसंग काम गर्न अयोग्यनभएको ।
- स्वयं सेवकहरुको हकमा संस्थाको सुरक्षण नीति र आचारसंहितालाई मानेर काम गर्न चाहना राख्ने व्यक्तिहुनु पर्ने छ ।

८.२ रोजगारी शुरु गर्दाः (Commencing Employment)
नयाँकर्मचारी भर्ना गर्दा उनलाई संस्थातथाकार्यक्रमकाबारेमा जानकारी दिने व्यवस्था गरिने छ र त्यसमा सुरक्षण को सेसन पनि समाबेश गरिने छ ।यसका साथै सुरक्षण समबन्धीआचार संहिता पढ्ने र त्यसमाहस्ताक्षर गर्ने । सुरक्षण र यौनशोषण र दुर्व्यवहार सम्बन्धीतालिममाभागलिने ।

**९.सुरक्षण सम्बन्धीकुनै घटनाको सूचनाप्राप्तभएमा गरिने बिधिहरु (Response Procedure):**
संस्थाकापदाधिकारी, कर्मचारी, तथा स्वयंसेवकहरूले लाभग्राहीबाल-बालिकावा जोखिमअवस्थामा रहेका वयस्कहरुको दुर्व्यवहार अथवाशोषणसँग सम्बन्धितकुनै पनि शङ्कास्पद घटनाहरूका बारेमा जानकारी प्राप्तभएमानिम्नउल्लेखितकाम गर्नु पर्दछ ।

- बालबालिका, जोखिमअवस्थामा रहेका वयस्कवाअन्यव्यक्ति बाट घटनाको बारे भन्नखोजेको कुरा उनकै मुखबाट राम्ररी सुन्ने ।
- आफूले कुनै गलतकामनगर्ने कुरा आश्वस्तपार्ने ।
- घटनाको सूचनादिने व्यक्तिमाथिसकारात्मक र सहयोगात्मकधारणा राख्ने ।
- अवहुनेप्रक्रिया का बारेमा जानकारी दिने ।
- गोप्यताको बारेमा बचनबद्ध नहुने र बरु मद्दत गर्न सक्ने व्यक्तिलाई भन्नु बेश हुने कुरा जानकारी गराउने ।
- आफूले देखेको र छलफलबाट आएका कुरा नोट गर्ने ।
- उक्त घटनाका बारेमा सुरक्षण सम्पर्क व्यक्तिलाई तत्कालजानकारी गराउने ।सुरक्षण सम्पर्क व्यक्तिले सुरक्षण समिति समक्षजानकारी गराउने ।
- संस्थाले आफ्ना कर्मचारी, क्रियाकलाप र काम गर्ने प्रक्रियाहरुबाट बालबालिकातथा जोखिमअवस्थामा परेका वयस्कहरु माथीदुर्व्यबहार हुननदिनु आफ्नो जिम्मेवारी सम्झेर गम्भिरतापूर्वक ध्यानदिनआवश्यक छ ।

**१०.घटनाको उजूरी (Reporting):**
१०.१ संस्थामा सुरक्षणसंग सम्बन्धीतउजुरी जो कोहीले पनि गर्न सक्नेछ । जो कोहीले पनिसम्पर्क व्यक्तिलाई मौखिक रुपमावालिखित रुपमाजानकारी गर्न सकिने छ ।
१०.२ संस्थाकाकर्मचारी रपदाधिकारीहरुलेसुरक्षणका शंकास्पदवावास्तबिक घटना सुरक्षण व्यवस्थापक समक्ष रिपार्ट गर्नु पर्दछ । रिपोर्ट गर्दानिम्नानुसार गर्न सकिनेछ ।

- सम्पर्क व्यक्तिको सम्पर्क गर्ने विवरण उल्लेख गरेर ।
- दोश्रो सम्पर्क विवरणको रुपमा सम्पर्कव्यक्तिको व्यवस्थापकवाअन्य सम्बन्धीतनिर्देकश ।वा संस्थाकाअध्यक्ष ।
- रिपोर्ट गर्नेले आफ्नो अनुकूलताअनुसार गर्न सक्नेछ ।कुनैपनि रिपोर्ट छुट्न दिनु हुदैन ।
- यस सुरक्षण नीतिउल्लंङ्घनका घटनाको बारेमा उजुरी गर्ने वाजानकारी गराउने व्यक्तिको परिचय, कानुनले अनिवार्य गरेको अबस्थावाअन्यविशेष अवस्थामाआवस्यक परेको खण्डमा बाहेक गोप्य राखिनेछ ।

**१०.३ रिपोर्ट पछी चालिने कदमः(Response to Safeguarding Reports):**

यस्तामामिलाहरूकोसहजीकरण गर्नेसमयमासम्बन्धितमूल्याङ्कनकर्ताले देहायमा लेखिएबमोजिमको व्यहोरा माथिध्यानदिनेछन्:

क) यस संस्थाले अनुसन्धानको पूरै अवधिभरी आफ्ना लाभग्राहीहरुबालबालिकावा जोखिमपूर्ण अवस्थामा रहेका वयस्कहरूको मर्यादा तथाअधिकारको संरक्षण गर्नका लागि सबै प्रयासहरू गर्नेछ ।पीडितको सुरक्षालाई प्राथमिकतादिएर कारवाही अगाडी बढाइनेछ । पीडकलाई पनिआफ्नो सफाईकोलागीभनाई राख्नवा सुनवाईको अवसर प्रदान गरिने छ ।

ख) यस संस्थाले गम्भीर रूपमा उठाइएका सम्पूर्ण सुरक्षण सम्बन्धीसरोकारहरूमाथि कारबाही गर्नेछर सबै पक्षहरूमाथिनिष्पक्षव्यवहार गर्नेछ ।

ग) यस संस्थाले सम्पूर्ण उजुरीहरूमाथिगोप्य तथानिष्पक्ष रूपमा र समयमा नै आवश्यक कारबाही गर्नेछ ।

घ) यस संस्थाले घटनाको निष्पक्ष छानविन गर्ने छ ।रिपोर्ट गर्ने व्यक्तिको हितलाइध्यानमा राखिउनको संरक्षणको सुनिश्चितता गर्नेछ । कुनै पनि अनुसन्धानको परिणाम जेसुकै भएतापनि सदाशयतापूर्वक पेस गरिएकारिपोर्टलाई बाल-बालिकातथा जोखिमअवस्थामा रहेका लाभग्राहीहरूको सर्वोत्तमहितमा गरिएको प्रतिवेदनका रूपमा हेरिनेछ ।

ङ) बदनियतपूर्वक झूटो, पूर्वाग्रही र प्रभावितभई दुर्भावनापूर्ण रिपोर्ट गर्ने कुनै पनिव्यक्तिउपर अनुशासनको कारबाही गरिनेछ ।

च) सुरक्षण सम्बन्धी सवालकाबारेमा कार्यवाहीगर्दा प्रत्येक पाइलामागोप्यतालाई ध्यानदिइनेछ । थाहापाउनआवश्यकव्यक्तिलाइमात्रै नियमानुसार सूचनाहरु प्रदान गरिने छ ।

छ) छानबिन गरी निचोड साथ समितिले भावीकडमबारे निर्णय गर्नसंस्थाको बोर्डलाई सिफारिस गर्नेछ।

ज) यदि छानविनबाट यस नीतिको उल्लंघन भएको निस्कर्ष निस्केको अवस्थामाअभियुक्तलाई संस्थाको नीति र प्रक्रियाअनुसार कारवाही गरिने छ । यस अन्तरगत कन्टाक्टको खारेजीवाअनुशासनात्मककार्वाहीवादुबै हुन सक्ने छ ।

**१०.४अभिमुखीकरण (Awareness Raising)**

संस्थाले समय समयमाआवश्यकताअनुसार यस सुरक्षण नीतिको अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ । साथै बाल-बालिकाहरूसँग मिलेर प्रत्यक्ष रूपमाकामगर्ने सम्पूर्ण पदाधिकारी, कर्मचारी, सदस्यतथा स्वयंसेवकहरूले बाल संरक्षणका विषयमा समेत अभिमुखीकरणमा भागलिन प्रेरित गर्नेछन् ।

**११.अनुगमनतथासमीक्षा (Monitoring and Review):**

यस सुरक्षण नीतिकार्यान्वयन र अनुगमनकालागि संस्थाको कार्य समितिले आफूहरु मध्येबाट एक सुरक्षण समितिको स्थापना गरीने छ । जसले बालबालिका र जोखिममा परेका वयस्कलाभग्राहीहरुको सुरक्षाका सन्दर्भमा प्राप्तउजुरी तथाजानकारीहरूलाई गम्भिरतापूर्वक लिई छानबिन तथाउचित कारबाही गरिने छ ।

**११.१ सुरक्षण समितिको गठन (Formulation of the safeguarding committee):**

११.१.१ सँस्थामा यस नीतिको कार्यान्वयनभएनभएको रेखदेख तथा सुनुवाइकालागिकार्यसमितिकाकुनै एक सदस्यको संयोजकत्वमाकम्तीमा एक जनामहिलाहुने गरी बढीमा तीनजनाको सुरक्षण समितिको गठन गरिनेछ। सो समितिको सिफारिसको आधारमा कार्य समितिले सुरक्षण सम्बन्धी निर्णय गर्ने छ।

११.१.२ सुरक्षण समितिले आफ्नो काम सरल बनाउन समुदायवाकार्यक्रमको आवश्यकताअनुसार सुरक्षण सम्पर्क व्यक्तितोक्न सक्ने छ। निजको कामकर्तव्य र अधिकार अनुसूचि मा उल्लेख गरिए अनुसार हुने छ।

**११.१.३ यस सुरक्षण समितिको कामकर्तब्य र अधिकारः(Responsibilities, duties and rights of the safeguarding committee) :**

१२.७.१ सुरक्षण समितियस संस्थाको केन्द्रीयकार्य समितिप्रतिउत्तरदायीहुनेछ।

१२.७.२ संस्थाका सदस्य, कर्मचारी स्वयंसेवकतथा आबद्ध अन्यब्यक्तिलगायत सम्बद्ध व्यक्तिहरुलाई संस्थाको सुरक्षण नीतिकाबारेमा सुसूचित गराउँदै सो प्रतिनीजहरुको प्रतिबद्धता लिईनेछ।

१२.७.३ संस्थाको सुरक्षण नीतिको बारेमा सरोकारवाला सबैमा जानकारी उपलब्ध गराइने छ।

१२.७.४ संस्थामाआकस्मिकवाकुनै पनिप्रकारको सुरक्षा सम्बन्धी सवालश्रृजनाभएमा त्यस उपर तत्कालजिम्मेवारी लिई कार्यान्वयन गर्ने।

१२.७.५ संस्थाका सम्बन्धीत सदस्यहरु, कर्मचारी, स्वयंसेवक, सम्बद्ध व्यक्तिहरु, सल्लाहकार तथाकार्य समिति सदस्यहरु बालबालिकातथा जोखिमअवस्थामा परेका लाभग्राहीका बिरुद्ध कुनै कार्यमा सहभागीभएमातत्कालत्यसको रिपोर्ट लिने र अभिलेख राखिगोपनीयताकाआधारमा घटनाको प्रकृति हेरी उक्तव्यक्तिलाई कारवाहीकालागिसिफारिस गर्ने, कार्वाहीभएनभएको अनुगमन गर्ने, जसमा स्पष्टिकरण, निलम्बन, गर्ने देखि कानूनीकार्वाही सम्मको अवस्थाको निगरानी गर्ने र कार्वाही गराउने।

१२.७.६ संस्थाको कार्यक्षेत्रमाभएकाबालबालिकातथा जोखिमअवस्थामा रहेका वयस्कलाभग्राहीका बिरुद्धमा भएका घटना को अभिलेख राख्ने र तिनीहरुको सुरक्षा र तिनीहरुको अधिकारको प्रत्याभूतीको लागि सरोकारवालाहरुसंग समन्वय गर्ने।

**१३ मेडिया तथा संचारमा सुरक्षण (Safeguarding in Media and Communication):**

यस संस्थाले मेडिया तथा संचारमा जादायसकालाभग्राहीहरुको सुरक्षणलाई विशेष ध्यानमा राख्ने छ।

१३.१.१संस्थाको सामाजिक मेडियामा भएको खाताहरुमाफोटो, भिडियो, वाव्यक्तिगत सूचनालिनवाप्रकाशित गर्न सधै पूर्व स्वीकृतिलिइने छ।

१३.१.२ यस्तो पूर्व स्वीकृति संस्थालाई दिइएको व्यक्तिकालागि हैन त्यसैले आफ्नो व्यक्तिगतप्रयोग गर्न पाइने छैन।

**१३.२ व्यक्तिगत सामाजिक संजालखाताहरु (Individual Social Media):**

१३.२.१ आफ्नो व्यक्तिगततथा संस्थागतजीवनलाई अलगअलग राख्ने। परियोजनाका सहभागीहरुखास गरी १८ बर्ष मुनिकाव्यक्तिलाई व्यक्तिगत सामाजिक संजालमा साथीनबनाउने।

१३.२.२आफ्नो व्यक्तिगत सामाजिक संजालमा संस्थाले सहयोग गरेका व्यक्तिहरुको फोटो वाकथासिधै पोष्ट नगर्नु।

१३.२.३ संस्थाको काम प्रवर्द्धन गर्न चाहने अवस्थामा संस्थाले पोष्ट गरेको सूचनालाई भने पुन शेयर गर्न सकिने छ।

१३.२.४ कुनै कुरा पोष्ट गर्ने बेलामावा शेयर गर्ने बेलामायसले संस्थालाइकस्तो प्रभाव पर्न सक्छ भने दुइ पटक सोचेर मात्रपोष्टवा शेयु गर्नु होला।

१३.२.५कहिल्यै पनिजातिबिभेदमा बल पुग्ने, अपमानजनकवाअश्लिील सामाग्रीअपलोड वापोष्ट नगर्नु।

१३.२.६ यदि संस्थाले सुरक्षण नीतिको विरुद्ध यस्ता कुराहरुको पोष्ट गरिएको पाइएमा सुरक्षण सम्पर्क व्यक्तिलाई सूचित गर्नु पर्दछ ।

अनुसूची १

**सुरक्षणसम्बन्धीआचार संहिता**

यस संस्था लागि **राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल** का गतिविधिहरू सञ्चालनगर्दा यस संस्थाको बालबालिकातथाजोखिमअवस्थामा परेका वयस्कलाभग्राहीहरुकोसंरक्षण नीतिलाई कदर गर्दै देहायमाउल्लेख भएबमोजिमको आचार संहितापालन गर्नम (व्यक्तिको नाम) ............................................मन्जुर गर्दछु ।

क) मैले संस्थाकोनीतिनियम, मूल्यमान्यता र सिद्धान्तहरूबमोजिमव्यक्तिगततथा पेशागत रुपमाउच्चतम रुपमाकार्य गर्ने छु ।

ख) कार्यक्रमका सहभागीहरुसंग छलफल गर्दा,उनिहरुसंग कामगर्दा सम्भावितदुर्व्यवहारलाई ध्यानमा राख्ने छु ।

ग) कार्यक्रमका सहभागीहरुलाई सधैं दुर्व्यहारका बिरुद्धमा आवाज उठाउन उनिहरुले गर्न पर्ने प्रक्रियाहरुको जानकारी दिंदै उजुरी गर्न प्रोत्साहीत गर्नेछु ।

घ) म पुन प्रतिबद्धता व्यक्त गर्न चाहान्छु कि कार्यक्रमका सहभागीहरुको सामाजिकमूल्यमान्यतालाई आदर गर्दै उमेर तथा लैंगिकबिबिधतालाई समेत ध्यानदिदै वहाहरुको आवाज सुन्ने छु, आदर गर्ने छु र सम्मानपूर्वक व्यवहार गर्नेछु ।

ङ) कुनै पनिकार्यक्रमतथा परियोजनामा सहभागीहरुले के कस्ताखालका सहभागिताजनाउनु पर्ने भन्ने सम्बन्धमाजानकारी गराउनकालागि प्रतिबद्धछु ।

च) संस्थागत संस्कृति, नीतिनियमलाई परिस्कृत गर्न तत्परहुने छु र कुनै पनिखालकादुर्व्यबहारलाई प्रशयनदिई यसको पूर्ण जिम्मेवारी बहनगर्दै आवश्यक प्रणालीको बिकासमा प्रतिबद्ध हुनेछु ।

छ) कामगर्ने स्थान र क्रियाकलापहरुमा जोखिमकम गर्न व्यवस्थितहुने र योजनाबद्ध रुपमाकार्यगर्ने छु ।

ज) कर्मचारी तथा संस्थाका सम्बन्धीतपदाधिकारीहरु लाई दुर्व्यवहार सम्बन्धीतथा यस नीतिको बेवास्ता गरेको सम्बन्धमाउजुरी गर्न सरल बनाउन र उजुरी गर्ने व्यक्तिलाइसहयोग गर्न सजिलो बनाउन रिपोर्ट गर्ने वाउजुर गर्ने प्रक्रियालागूगर्न ततपर हुनेछु ।

झ) दुर्व्यवहारको विषयमा गरिएको कुनै पनिउजुरीलाई गहन रुपमालिने, र यसरी उजुरी गर्ने व्यक्तिलाई सघाउने र छानविनमा सघाउनेछु ।

ञ) कार्यक्रममा सहभागीभएकादुर्व्यबहार मा पर्नसक्ने व्यक्तिहरुकोसंरक्षण सुनिश्चित गर्ने र दुर्व्यबहारबाट बचेकाहरुको आवश्यकता र चाहनाहरुलाई गहन रुपमालिने छु ।

**मैले यीक्रियाकलापहरुकहिल्यै गर्ने छैन :**

१.कार्यक्रमका सहभागिहरुलाई कुटपिट गर्ने र शारिरीक दुर्व्यबहार गर्ने कामकहिल्यै गर्दिन ।

२. कार्यक्रमका सहभागीहरुसंग शारिरीक सम्बन्धवा यौन सम्पर्क राख्ने कामकहिल्यै गर्दिन ।

३. १८ बर्ष मुनीकाबालबालिकासंग यौन सम्पर्क गर्न हुदैन र त्यो म कहिल्यै गर्दिन । बालबालिकाले स्वीकृति नै दिएमापनि त्यो मान्यहुँदैन भन्ने जानकारी छ ।

४. पैसा, रोजगार, सामानतथा सेवाको प्रलोभनमा यौन सम्पर्क गने कामकहिल्यै गर्दिन ।

५. बालबालिकातथा जोखिमअवस्थामा रहेका वयस्कलाभग्राहीहरुलाई नकारात्मक असर पार्ने खालकाअनुपयुक्त, सताउने खालको दुर्व्यवहारपूर्ण, यौनिक रूपमाउत्तेजनापूर्ण, अपमानजनकअथवा सांस्कृतिक रूपमाअनुपयुक्तभाषाको प्रयोग अथवाव्यवहार कहिल्यै गर्दिन ।

६. यौनउत्तेजीतहुने खालकाहावभाव देखाउने कार्य कहिल्यै गर्दिन ।

७. कार्यक्रमका सहभागीहरुसंग शोषण हुन सक्ने संभावनाहुने गरी अनावश्यक सम्बन्धको बिकास गर्ने कामकहिल्यै गर्दिन ।

८. कार्यक्रमका सहभागीहरुलाई जोखिममापार्नेकामकहिल्यै गर्दिन ।

९. कार्यक्रमका सहभागीहरुसंग धेरैबेर एक्लै बिताउने जस्ताकामकहिल्यै गर्दिन ।

१०.कार्यक्रका सहभागीलाई आफूसंग घरमा ल्याउने कामकहिल्यै गर्दिन । अरु व्यक्तिहरु नभएको अवस्थामाखास गरी रातीबास बस्ने गरी ल्याउने कामकहिल्यै गर्दिन ।

११. कार्यक्रमका सहभागीहरुसंग एउटै कोठा तथा एउटै ओछ्यानमा संगै सुत्नेकाम गर्न कहिल्यै गर्दिन।

१२. कार्यक्रमका सहभागीहरुले आफैगर्न सक्ने व्यक्तिगतप्रकारका काम मा अनावश्यक सहयोग गर्ने कामकहिल्यै गर्दिन ।

१३. कार्यक्रमका सहभागीहरुको कानूनत गर्न नहुने काम, असुरक्षितकाम, दुर्व्यवहार जस्ताकामका सम्बन्धमाआँखाचिम्लनेकामकहिल्यै गर्दिन ।

१४.कार्यक्रमका सहभागीहरुलाई लाजहुने, हीनभावनाल्याउने, चरित्रमादागलाग्ने खालकाकामकहिल्यै गर्दिन ।

१५. कार्यक्रमका सहभागीहरु सबैलाई भेदभावनगरी, सबैलाई बराबर व्यवहार नगर्ने र कसैलाई काखा र कसैलाई पाखा गर्ने काम गर्न हुंदैन ।यस्ताकाम म कहिल्यै गर्दिन ।

१६. आफूले पूरा गर्न नसक्ने बिषयमाकार्यक्रमका सहभागीहरुलाई म पुरा गर्छु भन्ने खालकाकुनै प्रतिज्ञा गर्ने कामकहिल्यै गर्दिन ।

१७. संस्थाको कम्प्यूटर र अन्य उपकरण हरुमाअस्लील सामग्रीहरु हेर्ने, डाउनलोड गर्ने, बनाउने वाबितरण गर्ने कामकहिल्यै गर्दिन ।

नामः .......................................

हस्ताक्षरः................................

मितिः.................................

अनुसुचिः२

---

कार्यक्रमका सहभागीहरुबाट खुलासाः

**रिपोर्टिंगको समयमाजानकारी बटुल्नु प्रक्रियाको महत्वपूर्ण तत्वहो । प्रतिबेदलन उद्देश्यमूलक र संक्षेप, तथ्यतामाआधारित तथाकाम गर्ने समयमा मद्दत पुग्ने हुनु पर्दछ ।**

जवकार्यक्रमकाकुनै सहभागीले दुर्व्यवहार वा दुरुपयोगकाबारेमा सुनाउँछन भने व्यत्तिको सुरक्षा र कल्याण सुनिश्चित गर्न अझ स्पष्ट हुनथपप्रश्नहरु सोध्नबिर्षनु हुन्न ।

- उजुरी गर्नेव्यक्तिलाई आश्वस्त गराउनुहोस कि उक्त सूचनाथाहापाउनआवश्यकव्यक्तिलाइवाहेक अन्यलाई थाहादिने छैन र सधै सुरक्षित रहने छ ।
- गुनासो गर्नेलाई ध्यानदिएर उनले भन्नखोजेका कुरा राम्ररी सुन्नु होस ।
- उजूरी कर्ताले भन्नखोजेका कुरा उनिहरुकै शब्दमा स्पष्ट अभिलेख राख्नुहोस । यदिप्रत्येक्ष कुराकानी गरेको हो भने गुनासो कर्तासंग आफूले लेख्न अगाडी नै क्रसचेक गर्न नभुल्नुहोस ।
- यदिगुनासो कर्ताले तपाईको अगाडी प्रत्यक्षखुलासा गरेको छ भने, तपाइले टिपेको कुरा पढ्न दिनुहोस । यदिउजुरी गर्नेव्यक्तिअशिक्षित छ भने वहाले भने अनुसार ठीक छ छैन पढेर सुनाउनुहोस । गुनासो कर्तासंग तपाइले टिपेको कुराबाट सन्तुष्ट छ छैन भनेर सोध्नुहोस ।यदी सन्तुष्ट छैन भने सच्याउनहोस ।

डाटा सुरक्षा

- यो फारामउक पटक पूरा भए पछी लक गरिएको फाइलमा राखिन्छ र वा यस सूचनाको आवश्यकता नभएपछी नष्ट गरिन्छ भन्ने कुराको सूनिश्चित गर्नुहोस ।

- उजुरी गर्नेव्यक्तिको सूचनाः

| | |
|---|---|
| पूरा नामः | खुलाषा गरेको मितिः |
| टेलिफोनः | ठेगाना ( यदिदिनचाहेमा): |

उजूरी (सकेसम्म महत्वपूर्ण जानकारी प्राप्तगर्न गुनासो कर्ताको आफ्नै शब्दहरु प्रयोगगर्नुहोस । र प्रश्नहरु सोध्नुहोस ।

| | | | |
|---|---|---|---|
| घटना भएको मिति(कहिले): | | | |
| खुलाषा गरेको मिति | | | |
| **उत्पीडनमा परेको व्यक्तिको नाम (मन्जूरी दिएमामात्रभर्नुहोस)** | | | |
| **उत्पीडनमा परेको व्यक्तिको उमेर** | | | |
| घटना भएको स्थान (कहाँ) | | | |
| के भएको थियो | | | |
| Was the concern:<br>**सवालवाचासो के थियोः** | Observed<br>अवलोकन गरियो | Reported by a child/adult<br>बालबालिका/वयस्क ले रिपोर्ट गरेको | Reported by a Third Party<br>तेश्रो पक्षले रिपोर्ट गरेको |
| If reported by a third party, please state their name & relationship to the child/adult:<br>यदि तेश्रोपक्षले रिपोर्ट गरेको भएनामतथा पीडित व्यक्तिसंगको सम्बन्धउल्लेख गर्नु होस | | | |

- **अभियुक्तको बारेमा जानकारी**

| | |
|---|---|
| अभियुक्तको नाम | |
| अभियुक्तले ग्रहण गरेको पद | |
| अभियुक्तले कामगर्ने सस्था | |
| अभियुक्तसंग नाता ( यद छ भने) | |

| | |
|---|---|
| अभियुक्तको ठेगाना (थाहाभए) | |
| **लिंग** | |
| Physical description of accused:<br>अभियुक्तको हुलिया/शारिरीक बर्णन | |

सेवाप्रावधान

| | | |
|---|---|---|
| उत्पीडनमा परेकाव्यक्तिलाई औषधीउपचार तथामनोसामाजिक हेरचाहकाबारेमा सूचित गर्‍यौ? | हो | होइन |
| यदि गर्‍यौ भने, उक्त दुर्घटना पश्चातऔषधीउपचार वामनोसामाजिकउपचार खोजेका छन्? | हो | होइन |
| यदिखोजेका छन् भने कसले उपचार गर्‍यो ?<br>यदि गरेको छैन भने उनलाई नजीकको चिकित्सा सेवा र मनोसामाजिकउपचार सम्बन्धीजानकारी प्रदान गर्नु होला । वा रिफर का लागिउनिहरुको विवरण प्रदानगर्न स्वीकृतिलिनुहोस । | | |
| यदि अपराधिक घटना भएको छ भने पीडित व्यक्तिले पुलिसलाई सम्पर्क गरेको छ? | हो | होइन |
| यदिपुलिसलाई सम्पर्क गरेको छ भने के गर्‍यो? | | |
| पीडित व्यक्तिले नानूनी सल्लाहखोज्यो? | हो | होइन |

सहमती, गोपनीयता र अर्को पाइला: यौन शोषण र दुर्व्यवहार बिरुद्ध उजूरी गर्नु तपाईको दायित्वहो तर उजूरी गर्ने, अभियुक्त र पीडित व्यक्तिको सूचनाआवश्यकताअनुसार मात्रउपपलब्ध गराइने छ भनिउजूरी कर्तालाईबुझाउनुहोस । यद्यपीआन्तरिक छानविनका लागिउजूरी कर्ताको नामर सम्पर्क विवरण आवश्यकहुने छ ।

उजूरी कर्ताले छानविन प्रक्रियाकालागिनाम र विवरण उपलब्ध गराउन सहमतीदिएको:

छ      छैन

- उजूरी कर्तालाई छानविन गर्ने संस्थाले उनिहरुलाई सम्पर्कमा राखिउजूरीको प्रक्रियाको बारे जानकारी दिन्छ ।

| | |
|---|---|
| सरुक्षण सम्पकृ व्यक्तिको नाम | |
| पद | |
| स्थानः | |

अनुसुचिः३

सुरक्षण सम्पर्क व्यक्तिको लागिसर्तहरुः

## Roles and responsibilities

सुरक्षण सम्पर्क व्यक्तिको भूमिका र जिम्मेवारी

| भूमिका र जिम्मेवारी | प्रमुखक्रियाकलाप | शीप र अनुभव |
|---|---|---|
| संस्थाको सुरक्षण रुपरेखा र सम्बन्धीतनीति (आचार संहिता समेत) लागू गर्न नेतृत्व गर्नु | • कर्मचारी तथा समुदायका सामू सुरक्षणका नीतिगतश्रोतहरु र मार्गनिर्देश को प्रचारप्रसार गर्नु ।<br>• संस्थाकाकर्मचारीसंग नीति र रुपरेखा सम्बन्धमा परामर्श गर्न सहयोग गर्नु । | • सुरक्षणको क्षेत्र र कसरी यसलाइ संस्थाको नीतिमाप्रवाहीत गर्ने भन्ने ज्ञान ।<br>• प्रश्त र छोटकरीमा धेरै प्रयोगकर्ताहरुको पहूँचमापुग्ने गरी प्रश्तुत गर्ने शीप । |
| संस्थाको सुरक्षण मापदण्ड का सम्बन्धमा चेतनाअभिबृद्धि गर्ने र कर्मचारी तथा स्वयंसेवकहरुलाई यस सम्बनधीतालिमतथा सुझावदिने । | • फ्रिडम फण्डको सुरक्षण व्यवस्थापकबाट सुरक्षण सम्बन्धमातालिमदिने व्यवस्थामिलाउने ।<br>• संस्थाको बैठकहरुमा सुरक्षण सम्बन्धमाजानकारी तथातालिमदिने ।<br>• समुदाय र कर्मचारीहरुलाई सुरक्षण सम्बन्धी सूचनाको बिकास सम्बन्धमा स्थानीयभाषामाबिधिहरु तयार गर्न सघाउने । उदाहाणका लागिपोष्टर, पाम्पलेट आदि । | • तालिम र अन्यअवसरहरु सहजीकरण गर्ने शीप<br>• सुरक्षण तालिममा सहभागीताको अवसर<br>• उठ्न सक्ने सम्भावित सवालहरुको निराकरकण सम्बन्धमाआवश्यकशीप |
| सुरक्षणको विषयलाई क्रियाकलापहरुमा समाबेश गर्न कर्मचारी, बालबालिकावा समुदायलाई जोखिम/हानी/दुर्व्यवहार /शोषण हुन बाट बचाउन सहयोग गर्ने । | • क्रियाकलापहरुमा जोखिमआकलन सम्बन्धीआफ्नो टिमलाई तालिमदिन सहयोग गर्नु ।<br>• जोखिमहरु ठीक तरिका संग निर्मुलहुने गरी योजनाहरु बनेको छ छैन रुजु गर्ने ।<br>• कार्य क्षेत्रमा उठेका प्रमुख सुरक्षण जोखिमअनुगमन गर्ने र रिपोर्ट गर्ने । | • तालिम र अन्यअवसरहरु सहजीकरण गर्ने शीप<br>• जोखिमआकलनमा सहभागीभएको अनुभव ।<br>• जोखिमआकलन सम्बन्धीबिधितथाश्रोतहरुका बारेमा ज्ञान । |
| अनुगमनतथामूल्यांकनक्रियाकलापहरुमा सुरक्षणको बिषय समाबेश गर्ने । | • संस्थाले गरको क्रियाकलापको अनुगमनतथामूल्यांकनबिधि र | • कार्यक्रमलाई सुरक्षितबनाउनबिधिहरु, |

| | | |
|---|---|---|
| | निर्देशिकामा सुरक्षणका बूंदाहरु समाबेश भएको सुनिश्चित गर्ने । | अनुगमनतथामूल्यांकनकाश्रोतबारे ज्ञान । |
| समुदायका सदस्यहरुलाई बालबालिका र समुदायमाथीभएको घटना उजुरी गर्न कालागि सहजीकरण गर्ने खालका समुदाय स्तरिय उजुरी प्रणाली स्थापना गर्ने सम्बन्धमाआवश्यकताअनुसार सल्लाहदिनु । | • आफ्नो सस्थामाउजुरी प्रणाली स्थापना गर्न र मजबुट बनाउनखास गरी सम्बेदनशीलविषयमाउजुरीकालागि रणनीति बनाउने । | • तालिम र अन्यअवसरहरुमा सहजीकरण गर्ने शीप<br>• बालबालिकार समुदायकालागिकाम गर्ने उजुरी प्रणालीका सम्बन्धमा छलफल गर्न विधिहरु, उजुरीकालागिश्रोत को ज्ञान भएको । |
| सम्बन्धीतप्रक्रियामार्फत समुदायबाट उजुरी प्राप्त गर्ने । फिडम फण्डसंग मिलेर उचिततरिकाले प्रतिक्रियादिएको सुनिश्चित गर्ने । पीडितको तथा सूचनादिने व्यक्तिको सुरक्षामाध्यानदिने । | • उजुरीहरुठीक प्रक्रियाबाट आएको सुनिश्चित गर्ने ।<br>• आएको उजुरीलाई आवश्यकताअनुसार यथासिघ्र कार्वाहीको प्रक्रिया अगाडी बढाउने ।<br>• स्थानीयनिकायतथाअन्यसंस्थाहरु जसले उजुरी गर्ने तथाप्रभावितभएकालाई सहयोग गर्न सक्छन उनिहरुसंग सम्बन्धविकास गर्ने | • घटना व्यवस्थापन/ सम्बेदनशीलप्रतिबेदनहरु को व्यवस्थापन गर्ने शीप ।<br>• प्रभावितहरुलाई सहयोग गर्ने तथा स्थानान्तरण गर्ने समबन्धीशीप । |
| कार्यक्रमव्यवस्थापकहरु र सुरक्षण व्यवस्थापकबीचप्रभाव क्षेत्र मा सुरक्षण सम्बन्धीविषयलाई लिएर सम्पर्क व्यक्तीको रुपमाकार्य गर्नु । | • फिडम फण्डको सुरक्षण संग सम्बन्धीइकाई तथाअन्यवाह्यव्यक्तीवा संस्थासंग सम्बन्धविकास गर्नु थपजानकारी लिने ।<br>• सुरक्षण सम्बन्धी बैठक छलफलमा भागलिने । | • संचार / संजाल गठन शीप । |
| प्रभावक्षेत्रमा सुरक्षण कार्यान्वयन सम्बन्धी त्रैमासिक रिपोर्ट कार्यक्रम टिमलाई उपलब्ध गराउने । | • सुरक्षण कार्यान्वयन सम्बन्धीउपलब्धी का बारेमा मातहतकाकर्मचारीसंगसूचना संकलन गर्नु । | • पूरा विवरणमा ध्यानदिने ।<br>• उच्चव्यवस्थापनमाभ्रप्रश्तुतीकरण गर्ने क्षमता । |